नेपाल सरकार
अर्थ मन्त्रालय
भन्सार विभाग
रसुवा भन्सार कार्यालय
टिमुरे, रसुवा

फोन नं. : ०१० - ५४३००८
फ्याक्स : ०१० - ५४३००७
Email : rasuwa@customs.gov.np

मिति - २०८०।०५।१३

## सामान लिलाम बिक्रीको सूचना

(दोस्रो पटक)

यस कार्यालयमा चोरी निकासी/पैठारीको अभियोगमा दाखिला हुन आएको तपसिल बमोजिमको मालसामान जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम सकार गर्न तपसिलमा उल्लेखित मिति, स्थान र समयमा डाक बढाबढ गरी प्रत्येक मुद्दाको छुट्टाछुट्टै लिलाम बिक्री गरिने भएकोले लिलाम बढाबढमा भाग लिन ईच्छुक सबैको जानकारीको लागि भन्सार ऐन २०६४ को दफा ५० र भन्सार नियमावली २०६४ को नियम ३५ बमोजिम यो सूचना प्रकाशित गरिएको छ। डाक बढावढ न्यूनतम मुल्य वा सो भन्दा बढी रकमबाट शुरु हुनेछ। डाक बढाबढमा आफूले कबोल गरेको रकमको १० प्रतिशतले हुने रकम धरौटी वापत तत्काल जम्मा गर्नुपर्नेछ।
लिलाम स्वीकृत भएमा सोको जानकारी वा सूचना पाएको ७(सात) दिन भित्रमा आफूले कबोल गरेको पुरै रकम र सोमा लाग्ने कर भुक्तानी गरी सामान उठाई लैजानुपर्नेछ अन्यथा धरौटी वापत जम्मा गरेको रकम जफत गरिनेछ। मालवस्तु कार्यालयको गोदामबाट उठाई लैजाने, लोड अनलोड लगायतका खर्च सकार गर्ने स्वयंले नै व्यहोर्नु पर्नेछ। प्रचलित कानून अनुसार ईजाजत लिनुपर्ने मालबस्तुको हकमा ईजाजत प्राप्त व्यक्ति/फर्मले मात्र लिलाम सकार गर्न पाउनेछ। लिलाम स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्बन्धी सम्पुर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ। लिलाम सम्बन्धी अन्य बिषयमा प्रचलित नेपाल कानून अनुसार हुनेछ। लिलाम हुने मितिमा सार्वजनिक विदा पर्न गएमा सोको भोलिपल्ट सोही समय र स्थानमा लिलाम हुनेछ। लिलाम हुने सामानको अवस्था, प्रकृति तथा अन्य थप विषयमा बुझ्नु परेमा कार्यालय समय भित्र यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

**लिलाम हुने मिति :** २०८० साल भदौ महिना १९ गते मंगलवार।
**लिलाम हुने समय :** दिनको ११:०० बजे देखि १३:०० बजे सम्म।
**लिलाम हुने स्थान :** रसुवा भन्सार कार्यालय, टिमुरे, रसुवा।

### तपसिल

| सि.नं. | मुद्दा नं./मिति | लिलाम हुने सामानको विवरण | न्युनतम मूल्य रु. |
|---|---|---|---|
| १ | २/०८०।०४।१७ | NIKE लेखिएको पी क्याप थान् २७२ | २,१७,६००। |
| २ | १५/०८०।०३।२५ | सोया सस् (भिनेगर) १११ गोटा (८०० एम.एल./गोटा), बोधीचित्तको माला ८ गोटा, नेप्किन १ कार्टुन (६० पीस), चकलेट ५९ प्याकेट (३५० ग्राम/ प्याकेट) | ७७,४००। |